# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

कोशी प्रदेश ,नेपाल

प.सं. २०८१/८२
च.नं. ६४०

मिति २०८१/०७/१४

श्री जो जससँग सम्बन्धित छ।

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

प्रस्तुत विषयमा सिद्धिचरण नगरपालिका-२ ठुलाछाप, ओखलढुङ्गास्थित श्री हिमालय मा.वि निशंखेमा रिक्त रहेको माध्यमिक तह, तृतीय श्रेणी, गणित शिक्षक पदको स्वीकृत दरबन्दीमा पदपूर्ति गर्न सरुवा प्रक्रिया अगाडि बढाइदिन हुन भनी वि.व्य.स.को मिति २०८१/०७/१४ को निर्णय तथा विद्यालयको च.नं. १२, मिति २०८१/०७/१४ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमती सहित सम्बन्धित विद्यालयमा निबेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका-२०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च:

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना : himalayaokd1208@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निबेदन माथि कुनै कार्बाही हुने छैन।
३. सरुवा हुन चाहेको विद्यालय एउटै स्थानीय तह भित्रको भए हाल कार्यरत विद्यालयको सहमती, एउटै जिल्ला भित्रको फरक स्थानीय तह अन्तर्गतका विद्यालय भए आफू कार्यरत विद्यालय र कार्यरत विद्यालय रहेको स्थानीय तहको सहमती र सरुवा भई जाने विद्यालय अर्को जिल्ला अन्तर्गतको विद्यालय भए हाल कार्यरत विद्यालय, विद्यालय रहेको स्थानीय तह र कार्यरत विद्यालय रहेको इकाइको सहमति समेत समावेश गर्नुपर्नेछ।

बोधार्थ :
श्री शिक्षा विकास तथा समन्वय इकाइ ओखलढुङ्गा
श्री हिमालय मा.वि.निशंखे, सिद्धिचरण नगरपालिका-२, ठुलाछाप, ओखलढुङ्गा

फणिन्द्र बहादुर कटवाल
नि. प्रमुख प्रशासकीय अधिकृत